# स्थानीय राजपत्र


भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या १६ मिति २०७७ श्रावण १६ गते


## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

अटोरिक्सा संचालन कार्यविधि २०७७

**प्रस्तावनाः** स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) ट बमोजिमको अधिकार प्रयोग गरी यस गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमिति गर्ने ऐन २०७४ को दफा ४ को अधिकार प्रयोग गरी भुम्लु गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०७७।०४।०८ को वैठकले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम भुम्लु गाउँपालिका अटोरिक्सा संचालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

ख) "आर्थिक ऐन " भन्नाले गाउँपालिकाको आर्थिक ऐन २०७५ सम्झनु पर्छ ।

ग) "अटोरिक्सा" भन्नाले यस इन्धनबाट चल्ने ३ वटा पाङ्ग्रा भएको सानो सवारी साधनलाई सम्झनु पर्छ ।

घ) "व्यवसाय कर" भुम्लु गाउँपालिका आर्थिक ऐन बमोजिमको व्यवसाय कर सम्झनु पर्छ।

ङ) "रुट इजाजत" भन्नाले गाउँपालिका क्षेत्रमा सवारी साधन संचालन गर्न प्रदान गरिएको अनुमति भन्ने सम्झनुपर्छ ।

च) "रुट इजाजत दस्तुर" भन्नाले रुट इजाजत प्राप्त गर्न नियम बमोजिम तोकिएको शुल्क वा दस्तुरलाई सम्झनु पर्छ ।

छ) "भाडा" भन्नाले सवारी साधनमा यात्रा गर्ने यात्रुले सेवा प्रदायकलाई बुझाउने शुल्क सम्झनु पर्छ । सो शब्दले सवारी साधनमा सामान ढुवानी वापत तिर्ने रकमलाई समेत जनाउँछ ।

ज) "कर अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले यो कार्यविधि बमोजिम कर निर्धारण तथा असुली सम्बन्धी कार्य गर्न

तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर अधिकृतको काम गर्न पाउने अन्य कर्मचारीलाई समेत जनाउँछ।

झ) "गाउँपालिका" भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनु पर्छ ।

ञ) "वडा" भन्नाले भुम्लु गाउँपालिका अन्तरगतका वडाहरुलाई सम्झनुपर्दछ ।

ट) "शाखा" भन्नाले यो कार्यविधि बमोजिम कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखा वा उपशाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## अनुमति सम्बन्धी व्यवस्था

३. **अनुमति प्राप्त नगरी व्यवसाय संचालन गर्न नहुनेः** कुनै पनि अटोरिक्सा संचालकले यस कार्यविधि बमोजिम अनुमति प्राप्त नगरी गाउँपालिका क्षेत्रमा अटोरिक्सा संचालन गर्नु हुँदैन । अन्यथा नियम बमोजिम जरिवाना गरिने छ ।

४. **निवेदन पेश गर्नुपर्नेः** कुनै पनि व्यक्ति वा यातायात व्यवसाय संचालन गर्न दर्ता गर्ने निकायबाट अनुमति प्राप्त संस्थाले यस गाउँपालिका को क्षेत्रमा अटोरिक्सा संचालन गर्नुपुर्व गाउँपालिकाको शाखामा अनुसुची १ बमोजिम निवेदन दिनुपर्दछ ।

५. **निवेदन पेश गर्ने पुर्व योग्यताः** निवेदन गर्ने व्यक्ति वा संस्थाको निम्न बमोजिम योग्यता हुनु पर्दछ ।

(क) संस्थागत व्यवसायी तथा कम्पनीको हकमा प्रचलित नियमानुसार कम्पनी/व्यवसाय दर्ता गरेको नियमानुसार गाउँपालिका प्रदेश सरकार तथा नेपाल सरकार समक्ष कर चुक्ता गरेको, सवारी चालक अनुमतिपत्र प्राप्त भएको चालक भएको , सवारी धनी प्रमाणपत्र भएको, प्रचलित कानून बमोजिम यात्री बिमा लगायत सम्बन्धित पक्षको बिमा गरेको तथा अन्य कुनै कानूनी प्रकृयाको प्रतिकूल कार्यमा सहभागी नभएको

(ख) व्यक्तिगत व्यवसायीको हकमाः सवारी चालक अनुमतिपत्र प्राप्त भएको चालक भएको, सवारी धनी प्रमाणपत्र भएको,प्रचलित कानून बमोजिम यात्री बिमा लगायत सम्बन्धित पक्षको बिमा गरेको अन्य कुनै

कानूनी प्रकृयाको प्रतिकूल कार्यमा सहभागी नभएको

६. **व्यवसाय करः** यस गाउँपालिका क्षेत्रमा संचालन हुन चाहने अटोरिक्साले प्रति अटोरिक्सा बार्षिक रु १५००/- व्यवसाय कर तिर्नुपर्नेछ ।

७. **रुट अनुमति शुल्कः** भुम्लु गाउँपालिका भरीका राष्ट्रिय राजमार्ग बाहेकका क्षेत्रमा संचालन हुने अटोरिक्सा संचालनकले चौमासिक रुपमा रु ५५० तिरी रुट इजाजत प्राप्त गर्न सक्नेछन् ।सो इजाजत पत्रको प्रतिलिपीको प्राप्त गर्नको लागि रु ५० तिर्नुपर्ने छ ।

८ **रुट अनुमति जारी गर्नेः** यस कार्यविधि बमोजिम योग्यता हासिल गरेका अटो रिक्सालाई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले अनुसूची २ बमोजिमको रुट इजाजत पत्र जारी गर्न सक्नेछ ।

९. **सवारी रुटः** यस गाउँपालिका का भित्रका अनुसुची ३ बमोजिमका सडकहरुमा मात्रै अटोरिक्सा संचालन गर्न सकिने छ । सो बाहेक अन्य रुटमा सवारी संचालन गर्न आवश्यक भएमा सम्बन्धी वडा कार्यालयको तथा गाउँपालिका को पूर्वाधार विकास शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नयाँ रुटलाई अनुसुची ३ मा समावेश गर्न सक्ने छ ।

## परिच्छेद ३
## भाडा सम्बन्धी व्यवस्था

१०. **यात्रु भाडादरः** १ गाउँपालिका क्षेत्रमा यातायात सेवा संचालन गर्न चाहने अटोरिक्साले अनुसुची ३ बमोजिम बढीमा भाडादर कायम गरी यातायात सेवा संचालन गर्न सक्ने छ ।

२ भाडा नतोकिएको क्षेत्रमा यात्रु लैजानु परेमा तोकिएको रुट बाहेकको क्षेत्रमा प्रति किलिमिटरमो रु १० भन्दा नहुने गरी यात्रीको सहमतिमा १ पटकको लागि भाडा असुल गर्न सकिनेछ। सो पश्चात भाडा निर्धारणका लागि गाउँपालिका समक्ष लिखित रुपमा अनुरोध गर्नुपर्नेछ ।

११. **सामानको भाडादरः** यात्रीबाहक सवारी साधनमा १० केजी सम्मको झोला वा सामानको भाडा लाग्ने छैन ।

१२. भाडा दरमा परिवर्तन गर्नु परेमा व्यवसायीले गाउँपालिका संग लिखित रुपमा स्वीकृति लिए पश्चात मात्रै भाडा परिवर्तन गर्न सक्नेछ।

१३. भाडादर सहितको विवरण सबै सवारी साधनभित्र अनिवार्य रुपमा सबैले देख्ने गरी टाँसेको हुनु पर्नेछ ।

१४. सवारी संचालकले प्रत्येक यात्रुलाई निम्न विवरण उल्लेख भएको टिकट अनिवार्य रुपमा प्रदान गर्नुपर्नेछ।

**टिकट नम्बरः**

**सवारी नं :**

**मिति :**

**यात्रा गरेको स्थान :**

**भाडा रकम**

## परिच्छेद ४
## दण्ड सजाय तथा अन्य व्यवस्थाहरु

१५. यातायात सेवा संचालकले कुनैपनि शर्त उलंघन गरेको पाइएमा सो बापत गाउँपालिकाकाले प्रत्येक पटक रु १००० का दरले जरिवाना गर्न सक्नेछ ।

१६. सवारी चालकले आफ्नो परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लगाएको हुनु पर्नेछ ।

१७. सेवा प्रदायक तथा यात्रुहरुले गाउँपालिकाको कार्यालयबाट जारी गरिएका थप निर्णयहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

# अनुसुची १

गाउँपालिका क्षेत्रमा अटोरिक्सा संचालनका लागि कार्यालय समक्ष पेश भएको निवेदनको ढाँचा

मितिः२०७७। ।

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**भुम्लु गाउँपालिका**
**सल्ले, काभ्रेपलाञ्चोक**

**विषयः अटोरिक्सा संचालन गर्ने अनुमति पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रमा ............................... नम्बरको अटोरिक्सा संचालनको व्यवसाय तपशिल बमोजिमका विवरण तथा कागजातहरु सहित अनुमतिको लागि अनुरोध गर्दछु।

**पेश भएका कागजातहरुः**

- सवारीधनी प्रमाणपत्र/व्लुबुकको प्रतिलिपि
- सवारी चालक अनुमतिपत्रको प्रतिलिपि
- यात्री बिमा लगायत सम्बन्धित पक्षको बिमा गरेको कागजपत्र
- कम्पनिको हकमा कम्पनि दर्ता प्रमाणपत्र करचुक्ता प्रमाणपत्र प्रबन्धपत्र नियमावली
- तोकिए बमोजिमका अन्य काजगातहरु
    - ....................................................................
    - ..................................................................

- ○ ...................................................................
- ○ ...................................................................

- नियमानुसार व्यवसाय कर/बाटो इजाजत शुल्क रु....... ...............दाखिला गरेको भौचर

**निवेदक/ प्रतिनिधि**

**हस्ताक्षरः**
**नामः**
**ठेगानाः**
**सम्पर्क नं**
**संस्था**

# अनुसुची २
# रुट इजाजत पत्र

**श्री भुम्लु गाउँपालिका**
**गाउँपालिका कार्यपालिकाको कार्यालय**
**सल्ले, काभ्रेपलाञ्चोक ।**

**विषयः अटोरिक्सा संचालनको बाटो (रुट) इजाजतपत्र**

भुम्लु गाउँपालिका अटोरिक्सा संचालन कार्यविधि २०७७ को दफा ७ बमोजिम तपशिल बमोजिमको अटोरिक्सालाई यस गाउँपालिका क्षेत्र भित्र राष्ट्रिय राजमार्ग बाहेकका तोकिए बमोजिमका स्थानिय सडकहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा भुम्लु गाउँपालिका द्वारा निर्मित कानून तथा शर्तहरुका अधिनमा रहेर अटोरिक्सा संचालनको लागि यो इजाजत पत्र जारी भएको मितिले (..............साल..............महिना ..... गते सम्म) को लागि........................................................................ को स्वामित्वमा रहेको सवारी साधन नं ......................... लाई यो इजाजत पत्र प्रदान गरिएको छ ।

**इजाजतपत्र जारी गर्ने अधिकारीको नामः**

**पदः**

**दस्तखतः**

**मितिः**

## अनुसुची ३

## गाउँपालिका भित्रमा यातायात रुट र तोकिएको भाडादरः

| क स | पुग्ने स्थान | वडा नं | एकतर्फि भाडा दर |
|---|---|---|---|
| १ | पँचास किलो | ९ देखी १० सम्म | ५० |
| २ | दोलालघाट सल्ले | १० देखी ५ सम्म | १०० |
| ३ | दोलालघाट भुम्लुडाँडा | १० देखी ५ सम्म | १४० |
| ४ | दोलालघाट मुलाबारी जामुने | १० देखी ५ सम्म | १७० |

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**